मिति २०७९/१०/१७ कार्यपालिका बैठक नं. १३

निर्णयहरु

१. गाँउपालिकाको लागि जग्गा व्यवस्थापन सम्वन्धमा ।
हाल यस ओमसतिया गाँउपालिकको कार्यालय रहेको जग्गा विगतदेखि नै सार्वजनिक जग्गा रहेकोमा मालपोत कार्यालयमा अभिलेखीकृत विवरण अनुसार व्यक्तिको नाममा दर्ता भएको देखिएकोले उक्त कार्य गैरकानूनी तवरले नामसारी भएको व्यहोरा यस अघिकै गाँउसभावाट ठहर गरी उक्त जग्गा गाँउपालिकाको संरक्षण गरी गाँउपालिकाको नाममा ल्याउने कार्यलाई अगाडी वढाउनको लागि वडा नं ३ का अध्यक्ष श्री प्रकाश सिंहको संयोजकत्वमा देहाय अनुसारको जग्गा संरक्षण एवंम व्यवस्थापन समिति गठन गर्ने र उक्त समितिलाई विभिन्न सरोकारवाला निकाय र स्थानीयहरुसँग समन्वय गरी यथासक्य प्रमाणहरु जुटाई कानूनी प्रकृयाको माध्यमबाट उक्त जग्गालाई स्थानीय सरकारको स्वामित्वमा ल्याउने कार्यको लागि अर्को जिम्मेवारी दिने ।

तपशिल

| | | |
|---|---|---|
| प्रकाश शिंह, वडाध्यक्ष वडा नं ३ | - | संयोजक |
| मदन प्रसाद पोखरेल, प्रवक्ता | - | सदस्य |
| अखिलेश्वर पाण्डे, वडाध्यक्ष, वडा नं ४ | - | सदस्य |
| शिव कुमार धवल, वडाध्यक्ष वडा नं ६ | - | सदस्य |
| हरिनारायण के.सी, अमिन | - | सदस्य सचिव |

२. ओमसतिया गाउँपालिका अन्तर्गत ऐन, कानुन, कार्यविधि तथा निर्देशिका तर्जुमाका लागि कार्यपालिकावाट गठित सैद्धान्तिक सहमति कार्यदलले पेश गरेका देहायका ऐन, कार्यविधि तथा निर्देशिकाको प्रारम्भिक मस्यौदा उपर छलफल गरी स्वीकृतिको लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

देहायः

- ओमसतिया गाउँपालिकाको आर्थिक सहायता वितरण सम्वन्धी ऐन, २०७९
- ओमसतिया गाउँपालिकावाट गरिने वजार अनुगमन निर्देशिका, २०७९

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत